आज मिति २०७६ साल भाद्र २२ गते आइतवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्यहरु | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मर्मत सम्भार कोष कार्यविधि २०७६ पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२: आर्थिक ऐन, २०७६ कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.३: सडक बत्ती व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.४: शिक्षक सरुवा सहमति सम्बन्धमा ।
प्रस्ताव नं.५: बजार अनुगमन सम्बन्धमा ।
प्रस्ताव नं.६: वातावरण, शिक्षा विषय अध्यापन अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.७: सेवा करारमा प्राविधिक जनशक्ति नियुक्ति गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: शहरी विकास योजना शाखा स्थापना गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: एकिकृत जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: कार्यालय हाता व्यवस्थापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: वडा नं.११ को कार्यालयमा फर्निचर व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१२: बालगृह सञ्चालन अनुमति प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: भऱ्याङ्ग खरिद गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: विभिन्न योजनाहरुमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं. १५ : संगठन तथा व्यवस्थापन परामर्श सेवा सम्बन्धी लिने सम्बन्धमा ।
प्रस्ताव नं. १६ : पराशर ऋषिको सालिक निर्माण सम्बन्धमा ।
प्रस्ताव नं. १७ : सुत्केरी भत्ता उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७६ को मस्यौदा उपर दफावार छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको ३१ औं नगर सभाद्वारा पारित आर्थिक ऐन, २०७६ मा व्यवसाय कर सम्बन्धी गरिएको वार्षिक कर असुलीको दरमा पूँजीको आधारमा लिने गरी कायम गरिएको वार्षिक दर व्यवसायीको वर्गीकरणको आधारमा लिने गरी कायम गरिएको वार्षिक दर एक आपसमा बाँझिएको हुँदा व्यवसायहरुको हितलाई मध्येनजर गरी व्यवसाय कर असुलीको उल्लेखित दुई आधारहरु मध्ये जुन आधार न्यून हुन आउँछ सोही आधारमा कर असुली गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको विभिन्न वडाहरुमा नयाँ सडक बत्ती जडानको लागि ABC केवल खरिद प्रक्रिया अगाडि बढी सकेको परिप्रेक्ष्यमा दशै तिहार अगावै नयाँ सडक बत्ती जडान तथा मर्मत कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउन आवश्यक पर्ने फिटिङ्ग एवं अन्य सामाग्रीहरुको खरिद गर्ने र सोको व्यवस्थापनको लागि आवश्यक पर्ने स्थानीय इलेक्ट्रिसियन लगायतका प्राविधिक जनशक्तिहरुसँग वार्ता गरी दैनिक/मासिक ज्याला उपलब्ध गराउने गरी काममा लगाउने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ स्थायी घर भई भानु नगरपालिका वडा नं.६ नावरुङ्गस्थित श्री आदर्श सरस्वती मा.वि.मा नि.मा.वि. तहमा (अँग्रेजी विषय) अध्यापन गराउने शिक्षक श्री दुर्गा पाण्डेलाई यस नगरपालिका वडा नं.१ भादगाँउ स्थित श्री निर्मल मा.वि. मा सरुवा गर्न सम्बन्धित विद्यालयहरुबाट सहमति समेत प्राप्त हुन आएको हुँदा सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा स्थानीय बजारमा कालो बजारी बढ्दै गएको साथै उपभोग्य वस्तुहरुको गुणस्तर एवं नापतौलको सम्बन्धमा समेत विभिन्न उपभोक्ताहरुबाट जनगुनासो आइरहेको हुँदा बजार अनुगमन गर्ने कार्य अगाडि बढाई बजार अनुगमन प्रक्रियालाई थप प्रभावकारी बनाउँदै लैजाने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.१ भादगाँउ स्थित श्री जलदेवी मा.वि.को च.नं.०३, मिति २०७६/०४/१५ को पत्रद्वारा शैक्षिक सत्र २०७६ बाट शिक्षा समूह अन्तर्गत वातावरण शिक्षा विषयको अध्यापन अनुमति माग भई आए अनुसार सो विषय अध्यापनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको एकीकृत जग्गा विकास परियोजना र शहरी विकास योजनातर्फ कार्य गर्ने गरी देहाय बमोजिमको प्राविधिक जनशक्तिहरु सेवा करारमा नियुक्ति गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि.नं. | पद | सेवा | समूह | उपसमूह | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | इन्जिनियर | इन्जिनियरिङ्ग | सिभिल | जनरल | अधिकृतस्तर छैटौं | २ | |
| २ | सव इन्जिनियर | इन्जिनियरिङ्ग | सिभिल | जनरल | सहायकस्तर पाँचौं | ३ | |
| ३ | अमिन | इन्जिनियरिङ्ग | सर्भे | | सहायकस्तर चौथो | २ | |

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा योजना तथा प्राविधिक शाखाको अलावा शहरी विकास योजना शाखा स्थापना गर्ने र सो शाखाको प्रमुखको रुपमा कार्य गर्ने गरी हाललाई यस नगरपालिकाको इन्जिनियर श्री रविन्द्रलाल मुललाई जिम्मेवारी दिने निर्णय गरियो । साथै नगर प्रमुखको अध्यक्षतामा गठित नगर योजना तर्जुमा समितिको सदस्य सचिवको जिम्मेवारी समेत इन्जिनियर श्री रविन्द्रलाल मुललाई दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा नगरपालिका वडा नं.५ अन्तर्गत पर्ने मानहुँकोट क्षेत्रमा एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१०का सम्बन्धमा छलफल हुँदा यस कार्यालयको नवनिर्मित बहुउद्देश्यीय भवनको उत्तरतर्फ रहेको खाली भाग र क्याण्टिन रहेको स्थान समेत एवं सभाकक्षको वरिपरिको खाली जग्गा समेतलाई उपभोग गरी कार्यालयका हलुका सवारी साधनहरुको पार्किङ्ग व्यवस्थापन (पिच निर्माण) मिलाउन तथा हरित पट्टी निर्माण गर्न आवश्यक प्राविधिक डिजाइन तथा लागत अनुमान तयार गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.११ को कार्यालयमा रहेका मौजुदा फर्निचरहरु समेत उपयोग गर्ने गरी आवश्यक अन्य थप फर्निचर एवं फनिसिङ्ग सामाग्रीहरु व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा जिल्ला प्रशासन कार्यालय, तनहुँमा दर्ता भई हाल व्यास नगरपालिका वडा नं.१०, बैरेनीमा स्थापना भएको उज्यालो घर बालगृहले सञ्चालन अनुमति माग गरेको हुँदा प्रचलित कानून अनुसार बालगृह सञ्चालन गर्ने गरी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रको सडक बत्ती मर्मत तथा वडा कार्यालयमा जडान गरिएका इन्टरनेट सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न हाल भऱ्याङ्ग नरहेका सम्पूर्ण वडाहरुमा १/१ थान गुणस्तरीय आल्मुनियम भऱ्याङ्ग खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका योजनाहरुमा तथा कार्यक्रमको लागि देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क.सं. | योजना तथा कार्यक्रमको नाम | वडा नं. | बजेट खर्च शिर्षक नं. | विनियोजित रकम |
|---|---|---|---|---|
| १. | सपाङ्गदी पानी ट्याङ्की मोटर मार्ग | ७ | मर्मत सम्भार कोष | १०००००। |

| | | | | |
|---|---|---|---|---|
| २. | तनहुँ इभेन्ट म्यानेजमेन्ट मिस क्वीन तनहुँ, २०१९ | | खेलकुद | ५०,०००। |
| ३. | क्षेत्री समाज भवन फर्निचर तथा फर्निसिङ | ९ | विविध फुटकर | ७०,०००। |
| ४. | नेपाल युवा रेडक्रस सर्कल लियो क्लब अफ तनहुँ निर्मल अल्फा (विद्यालयस्तरीय तीज गीत प्रतियोगिता) | | बालबालिका | १५,०००। |
| ५. | नव मित्रता युवा क्लब फुटवल प्रतियोगिता | | खेलकुद | ८०,०००। |

**निर्णय नं. १५ :** प्रस्ताव नं. १५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको संगठन तथा व्यवस्थापन प्रतिवेदन तयारीका लागि गठित समितिबाट सिफारिस भई आए अनुसार नेपाल सरकारका सेवा निवृत्त उप-सचिव डा. नारायणबहादुर थापाले पेश गरेको व्यास नगरपालिकाको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी रू.४,७६,०००। (चार लाख छ्याहत्तर हजार रुपैंया) को प्रस्ताव स्वीकृत गरी परामर्श सेवा लिने निर्णय गरियो ।

**निर्णय नं. १६ :** प्रस्ताव नं. १६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रमा बसोवास गर्ने पराशर गोत्रीय पन्थ समाजद्वारा पराशर आश्रम परिसर अन्तर्गतको क्षेत्रमा पराशर ऋषिको सालिक निर्माणका लागि अनुमती माग भई आएको हुँदा सालिक निर्माणको लागि आवश्यक जग्गा उपलब्ध गराउन तथा अन्य सहयोग गरिदिन पराशर क्षेत्र विकास समितिलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १७ :** प्रस्ताव नं. १७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुले पहिलो र दोस्रो शिशु जन्माउँदा सुत्केरीको पोषणको लागि हुने आ.व. २०७६/०७७ को श्रावण महिना देखि लागू हुने गरी एक पटकमा रू.५,०००। (पाँच हजार रुपैंया मात्र) सुत्केरी पोषण भत्ता उपलब्ध गराउने निर्णय गरियो ।